Vol. 11 Issue 1, 226-244 Jan. 2026
ISSN 2382-5103

JOURNAL OF DEVELOPMENT REVIEW




# दिप्रुङ चुइचुम्मा गाउँपालिका ३ खोटाङमा आन्तरिक बसाईंसराइका कारणहरू

**सविता बस्नेत** (एम.फिल. स्कलर)
त्रिभुवन विश्वविद्यालय केन्द्रिय क्याम्पस
सामाजशास्त्र विभाग, कीर्तिपुर, काठमाडौं
Email: sabitabasnet866@gmail.com

ARTICLE INFO

*Reviewed: Feb, 15,2026*
*Revised: March,20,2026*
*Accepted: April,5,2026*

*शब्दकुञ्जी*

*आन्तरिक बसाइँसराइ ग्रामीण-शहरी, आकर्षक-विकर्षक कारक, रोजगार शिक्षा स्वास्थ्य भौगोलिक विकटता सामाजिक सञ्जाल ।*

## लेखसार

*बसाईंसराइ जनसांख्यिकीय परिवर्तनको महत्वपूर्ण प्रक्रिया हो । जसले जनसंख्याको आकार र वितरणमा परिवर्तन ल्याउँछ । यसले उद्गम र गन्तव्य दूवै स्थलको सामाजिक आर्थिक तथा सास्कृतिक संरचनामा प्रभाव पार्दछ । प्रस्तुत अध्ययनले दिप्रुङ चुइचुम्मा गाउँपालिकामा बसाईंसराइको अवास्था के कस्तो रहेको छ भन्ने विषयलाई मुख्य समस्या बनाई विश्लेषण द्वारा यसको समाधान गर्ने उदेश्य लिएको छ । यस अनुसन्धानमा एभरेट एस. लीको पुष-पुल सिद्धान्त र ई.जी. रेभेनस्टाइनको बसाईंसराइका नियमहरू साथै मेसी र उनका सहकर्मी (१९९३) द्वारा प्रतिपादन गरिएको सामाजिक सञ्जाल सिद्धान्तलाई सैद्धान्तिक आधार मानी गुणात्मक अनुसन्धान विधिमा आधारित रहि अध्ययन क्षेत्रमा रहेका ४६२ घरधुरीमध्ये बसाइँ सरेका ८० घरधुरीलाई नमुनाको रुपमा चयन गरिएको छ । तथ्याङ्क संकलनका लागि प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री संकलन गरिएको छ । विश्लेषणका क्रममा बसाईंसराइका धकेल्ने कारकहरुमा रोजगारका अवसरको अभाव, गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको कमी, भौगोलिक विकटता, तथा पूर्वाधारको अभाव, आर्थिक राजनैतिक तथा सामाजिक कारकहरू प्रमुख रहेका छन् भने आकर्षण कारकहरूमा तराई तथा सहरी क्षेत्रमा पाइने रोजगारी, शिक्षा, स्वास्थ्य, यातायात सुविधा, र सामाजिक सञ्जालका आधारमा विश्लेषण गरी निष्कर्षमा पुगिएको छ ।*

*© 2026 Journal of development ReviewSMC All rights reserved*

## परिचय

बसाइँसराइ जनसङ्ख्याको आकार, संरचना तथा वितरणमा परिवर्तन ल्याउने प्रमुख जनसाङ्ख्यिकीय कारकमध्ये एक हो । यसलाई सामान्यतया मानिस आफु बसोबास गरिरहेको स्थान परिवर्तन गरि एक भौगोलिक क्षेत्रबाट अर्को क्षेत्रमा सर्ने आवागमनको रूपमा परिभाषित गरिन्छ (सुवाल, २०१४) । बसाइँसराइ एउटा सामाजिक प्रक्रिया हो । जुन प्रक्रियामा मानिसहरु आफ्नो जन्मस्थान छोडेर गन्तव्य स्थानमा गएका हुन्छन् । उनीहरुले आफ्नो वासस्थान परिवर्तन गरि एउटा भू-भागबाट अर्को भू-भागमा पुगेका हुन्छन् (आचार्य, वि.सं.२०६६) । बसाइँसराइलाई परिभाषित गर्ने सन्दर्भमा विभिन्न राष्ट्र तथा निकायहरूका आफ्नै मापदण्डहरू रहेका छन् । यसैगरि, राष्ट्रिय जनगणना (वि.सं.२०११) को परिभाषा अनुसार बसाइसराई भएको मान्नलाई

व्यक्ति आफ्नो जन्मस्थान भएको जिल्ला छोडेर कम्तीमा ५ महिना अर्को जिल्लामा बसोबास गरेको हुनुपर्दछ । तर भारतमा एउटा जिल्लाबाट अर्को जिल्लामा बसाइँ सर्नुलाई बसाइसराइ अन्तर्गत गणना गरीदैन । भारतमा एउटा राज्य बाट अर्को राज्यमा बसाइँ सरेर गएकोलाई मात्र बसाइँसराइ अन्तर्गत गणना गरिन्छ ।

बसाइँसराइलाई मुख्यतया आन्तरिक र अन्तर्राष्ट्रिय गरी २ भागमा वर्गीकरण गरीएको छ । अन्तर ष्ट्रिय बसाईंसराई भन्नाले कुनै व्यक्ति वा समुदायले आफ्नो देशको राजनैतिक सीमा पार गरी अन्य देशमा गएर बसोबास गर्ने प्रक्रियालाई बुझाउँछ, भने देशभित्रकै एक स्थानबाट अर्को स्थानमा वासस्थान परिवर्तन गर्ने प्रक्रियालाई आन्तरिक बसाइँसराइ भनिन्छ (जोशी, २०२४) । नेपालमा आन्तरिक बसाइँसराइको अवस्थालाई हेर्दा यो गाउँबाट शहर, पहाडबाट तराई, गाउँभित्रै र शहरबाट शहरमा हुने गर्दछ । आचार्य (वि.सं.२०६६) का अनुसार आन्तरिक बसाइँसराई समयको आधारमा स्थायी, अर्ध-स्थायी, अस्थायी र मौसमी प्रकृतिको हुने गर्छ । जसमा मानिसहरू आफ्नो जन्मस्थान छोडेर गन्तव्य स्थानमा पुग्छन् र आफ्नो वासस्थान परिवर्तन गर्छन् । मानिसहरू बसाइँसराइ गर्नुको उद्देश्य जीवनस्तर सुधार गर्नु हो । ग्रामीण क्षेत्रको तुलनामा शहरमा सेवा-सुविधाहरू बढी मात्रामा पाइने भएकाले नेपालमा ग्रामीण क्षेत्रबाट शहरमा बसाइँ सर्ने क्रम बढिरहेको छ ।

मानव इतिहास जत्तिकै बसाइँसराइको इतिहास पनि पुरानो रहेको छ । परापूर्वकालदेखि नै मानिसहरू आफ्ना आधारभूत आवश्यकता पूरा गर्न तथा विभिन्न स्रोत साधनहरुको खोजीमा एक स्थानबाट अर्को स्थानमा सर्ने गरेको इतिहासबाट स्पष्ट हुन्छ । यसै सन्दर्भमा, (ज्ञवाली र पौडेल,वि.सं.२०६७) का अनुसार, ऐतिहासिक रूपमा होमो ईरेक्टस जाति अफ्रिकाबाट युरेसियातर्फ बसाई सरेका थिए भन्ने मानवशास्त्रीहरूको भनाई रहेको छ । होमोसेपिन्स जाति १५०००० वर्ष अघि अफ्रिका भरि फैलिसकेका थिए । अस्ट्रोसियनका पुर्खाहरू ८०००० वर्ष अघि चिनको मुख्य भूमिबाट हङ्गकङ्ग बसाइँ सरेको अनुमान रहेको छ । हडप्पा सभ्यताका मानिसहरू १७०० वर्ष पुर्व त्यहाँ बसाइँ सरेर आएको मानिन्छ । ग्रिक जाति ७५० वर्ष अघि युरोपभर बसाई सरेका थिए ।

नेपालमा बसाइँसराइको ऐतिहासिक विकास क्रमलाई हेर्दा यसले विभिन्न कालखण्डमा फरक-फरक रूप लिएको देखिन्छ । ऐतिहासिक रूपमा, गोर्खा राज्यको नितिका कारण सन् १८०४ देखि भारतको कुमाउ र गढवालमा बसाइँसर्न सुरु भएको हो (कंशकार, १९८४) । कुमाउ र गढवालका साथै मानिसहरु सिक्कीममा पनि बसाइ सर्न थाले । सन् १८१४/१५ मा ब्रिटिश इण्डियो युद्ध भयो र औपचारिक रूपमा यसैबेलादेखी धेरै मानिसहरु भारतमा जागीरको खोजिमा बसाइँ सर्न थाले । दार्जिलिङको चिया उत्पादन हुने राज्यमा काम गर्न जान थाले, आसामको काठ कारखानामा काम गर्न जान थाले, भरियाको काम, चौकिदार, सेक्स कामदारका रूपमा काम गर्न भारतका विभिन्न स्थानमा नेपालीहरु जान थाले (भट्टराई, २००७) ।

यसैगरी नेपालमा आन्तरिक बसाइँसराइको इतिहासलाई श्रेष्ठ (१९९०) ले यसलाई तीन मुख्य चरणहरूमा विभाजन गर्न सकिने कुरा औंल्याएका छन् । उनका अनुसार, पहिलो चरण राजा पृथ्वीनारायण शाह र उनका उत्तराधिकारीहरूको एकीकरण कालसँग सम्बन्धित थियो, जहाँ "झारा श्रम" प्रणालीको प्रयोग गरिन्थ्यो र यस अवधिमा राज्य विस्तार तथा सैन्य प्रशासनिक उद्देश्यका लागि मानिसहरूको जबरजस्ती श्रमसहितको बसाइँसराइ गराइन्थ्यो । यसपछि दोस्रो चरण सन् १९५० को दशकपछि सुरु भयो, जसमा सरकारले तराई क्षेत्रमा कृषि उत्पादन बृद्धि गर्ने उद्देश्यले विभिन्न राष्ट्रिय पुनर्वास कार्यक्रमहरू सञ्चालन गर्यो । यस क्रममा राप्ती उपत्यका विकास परियोजना र नेपाल पुनर्वास कम्पनी जस्ता

परियोजनाहरू लागू गरिए, जसले पहाडका मानिसलाई तराईमा बसोबासका लागि प्रोत्साहित गर्यो । यस्तै, सुवाल, (२०१४) का अनुसार तेस्रो चरण सन् १९५० पछिको प्रजातन्त्र आगमनपछि सुरु भएको हो, जसले नेपाली समाजमा तीव्र सामाजिक-आर्थिक रूपान्तरण ल्यायो । यस रूपान्तरणले रोजगारी, व्यापार र सेवाका अवसरहरू बढायो र परिणामस्वरूप ठूलो संख्यामा मानिसहरू गाउँ र पहाडबाट तराईतर्फ सर्न थाले । यही अवस्था नै नेपालमा आन्तरिक बसाइँसराइको तेस्रो र सबैभन्दा महत्त्वपूर्ण चरणका रूपमा चिनिन्छ । भौगोलिक भिन्नता, सामाजिक तथा आर्थिक अवस्था आदिले गर्दा नेपालमा आन्तरिक बसाइँसराईलाई निकै महत्त्व दिएको पाइन्छ ।

नेपाल जनसंख्या प्रतिवेदन (वि.सं.२०६०) का अनुसार सन् १९५० को दशकसम्म तराई क्षेत्र मलेरियाबाट ग्रस्त भएकाले पहाडबाट आन्तरिक बसाइँसराइ सीमित थियो । तराईमा मलेरियाको सफलतापूर्वक रोकथाम भएपछि बसाइँसराइ बढ्न थाल्यो । यसको मुख्य कारण पहाड र हिमाली भेगको कठोर जीवनयापन, खेतीयोग्य जमिनको कमी, र रोजगारीको अभाव रहेको थियो । मलेरिया नियन्त्रणपछि तराईमा पर्याप्त खेतीयोग्य जमिन र राम्रो सुविधा उपलब्ध भयो र यसबाट पहाडी क्षेत्रका मानिसहरू आकर्षित भए । यसै सन्दर्भमा दिप्रुङ चुइचुम्मा गाउँपालिका-३ मा आन्तरिक बसाइँसराइले आंशिक रूपमा प्रभाव परेको देखिन्छ । जसका कारण गाउँबाट जनसंख्या बाहिरिने क्रम दिनप्रतिदिन बढ्दै गएको छ । यस स्थलमा बसाइँसराइ विगतदेखि नै रहिआएको भएतापनि पछिल्ला केही वर्षहरूमा यस प्रवृत्तिले तीव्रता पाएको देखिन्छ । जसको प्रत्यक्ष प्रभाव उद्गम स्थलमा पर्न जाने हुन्छ । राष्ट्रिय जनगणना (वि.सं.२०६८) अनुसार, दिप्रुङ चुइचुम्मा गाउँपालिका-३ को कुल जनसंख्या २,३५३ रहेकोमा २०७८ को जनगणनासम्म आइपुग्दा त्यो संख्या घटेर १,८९५ मा सीमित भएको देखिन्छ । यस दश वर्षे अवधिमा देखिएको यो नतिजाले यस क्षेत्रबाट देशका विभिन्न सुविधासम्पन्न ठाउँमा बसाइँ सरेर जाने क्रम बढ्दै गइरहेको देखिन्छ । प्रस्तुत अनसन्धानको मुख्य उद्देश्य द्रिपुङ चुइचुम्मा गाउँपालिकामा बसाइँसराइको अवास्था के कस्तो रहेको छ भन्ने विषयलाइ मुख्य समस्या बनाइ विश्लेषण द्वारा यसको समाधान गर्नु रहेको छ ।

## सैद्धान्तिक अवधारणा

बसाइँसराइको सैद्धान्तिक अवधारणालाई हेर्दा एभरेष्ट एस. ली (१९६६) द्वारा प्रतिपादन गरेको सिद्धान्तले बसाइँसराइको निर्णयलाई प्रभावित गर्ने चार प्रमुख तत्वहरूलाई केलाउँछ् उत्पत्ति क्षेत्रका तत्वहरू, गन्तव्य स्थलका तत्वहरू, अवरोधक तत्वहरू, र व्यक्तिगत तत्वहरू आन्तरिक बसाइँसराइको सन्दर्भमा यो सिद्धान्त निकै सान्दर्भिक छ । उत्पत्ति क्षेत्रका तत्वहरूले ग्रामीण क्षेत्रहरूबाट मानिसलाई धकेल्ने कारणहरूलाई जनाउँछ, जस्तै शिक्षा, स्वास्थ्य, रोजगारीका अवसर, र पूर्वाधारको अभाव र यसको विपरीत, गन्तव्य स्थलका तत्वहरूले शहरी वा विकसित क्षेत्रहरूमा मानिसलाई तान्ने कारणहरूलाई समेट्छन्, जसमा राम्रो रोजगारी, गुणस्तरीय शिक्षा, स्वास्थ्य, सेवा र सामाजिक सुरक्षा पर्दछन् । "बसाइँसराइका कारकहरूलाई आर्थिक र गैर-आर्थिक गरी दुई भागमा वगीकरण गरिन्छ । यस प्रक्रियामा नकारात्मक कारकहरूले मानिसलाई ग्रामीण क्षेत्रबाट बाहिर धकेल्ने कार्य गर्दछन् भने सकारात्मक कारकहरूले शहरी वा विकसित क्षेत्रतर्फ आकर्षित गर्दछन" (विरहान, २०११) । नेपालमा आन्तरिक बसाइँसराइ गरिबी आयको असमान वितरण बेरोजगारी खाद्य सङ्कट बाढी पहिरो र प्रकृतिक प्रकोपले पनि मानिसलाई बसाइँ सर्न बाध्य पारेको छ (के.सी,२०२०) ।

नेपालमा आन्तरिक बसाइँसराइ सम्बन्धी विगतको प्रवृत्तिलाई हेर्दा, सन् १९७१ मा कुल जनसङ्ख्याको केवल ३.९ प्रतिशत अर्थात् ४,४५,१२८ जना मात्र आन्तरिक बसाइँसराइमा संलग्न थिए । सन् १९८१

सम्म आइपुग्दा यो सङ्ख्या ९,२९,५८५ पुगेको थियो, जुन त्यतिबेला कुल जनसङ्ख्याको ६.२ प्रतिशत थियो । त्यसैगरी, सन् १९९१ मा आन्तरिक बसाइँसराइ गर्नेहरूको सङ्ख्या १२,२८,३५६ पुगेको थियो, जुन कुल जनसङ्ख्याको ६.६ प्रतिशत थियो । यो अघिल्लो दशकको तुलनामा ३२.१ प्रतिशतको वृद्धि हो । आन्तरिक बसाइँसराइको यो क्रम सन् २००१ मा पनि निरन्तर रह्यो, जहाँ बसाइँसराइ गर्नेहरूको सङ्या बढेर १७,२७,३५) पुगेको थियो। यो कुल जनसङ्ख्याको ७.६ प्रतिशत थियो र सन् १९९१ को तुलनामा ४१ प्रतिशतले बढेको देखिन्छ (राष्ट्रिय जनगणना, वि.सं.२००३) ।

बसाइँसराइको यो लहर पछिल्ला दशकहरूमा झन् बढ्दै गएको देखिन्छ । राष्ट्रिय जनगणना २०६८ मा नेपालमा आन्तरिक बसाइँसराइको दर ९.७ प्रतिशत रहेकामा,पछिल्लो जनगणना (वि.सं.२०७८) को तथ्यांक अनुसार नेपालमा आन्तरिक बसाइँसराइको दर २९.२ प्रतिशत पुगेको छ । तीमध्ये सबैभन्दा बढी ३२ प्रतिशत मानिस पहाडी क्षेत्रबाट, २८.९ प्रतिशत तराई क्षेत्रबाट र १३.८ प्रतिशत हिमाली क्षेत्रबाट सरेका छन् । जसले पहाडी क्षेत्रमा बसाइँसराइको दर उच्च रहेको पुष्टि गर्छ । विभिन्न स्थानीय स्तरमा गरिएका अध्ययनहरूले पनि ग्रामीण बसाइँसराइका आर्थिक कारणहरूलाई जोड दिएका छन् । गौतम (२००५) ले बाग्लुङ जिल्लाको काँण्डेबास गाविसबाट भएको बसाइँसराइलाई विश्लेषण गर्दै 'धकेल्ने कारकहरू' ग्रामीण बसाइँसराइका प्रमुख कारण भएको निष्कर्ष निकालेका छन् । अध्ययन अनुसार कृषि मुख्य पेसा भए तापनि ७१.८ प्रतिशत उत्तरदाताले गाउँमा कृषि बाहेक अन्य रोजगारीको अभाव रहेको बताएका छन्। दैनिक उपभोग्य वस्तु, शिक्षा र स्वास्थ्यसम्बन्धी खर्च धान्न नगद आम्दानी आवश्यक भएकाले मानिसहरू रोजगारीको खोजीमा गाउँ छोड्न बाध्य भएका छन् । त्यस्तै नेपालको कर्णाली प्रदेशमा ग्रामीणबाट शहरी क्षेत्रमा हुने बसाइँसराइका विभिन्न आर्थिक कारणहरूमा कम कृषि उत्पादन र पर्याप्त खेतीयोग्य जमिनको कमी यसका अतिरिक्त, उत्पादित वस्तुहरूको खरिद-बिक्रीका लागि बजारको अभाव सीमित आय स्रोतहरू र रोजगारीका अवसर हरूको कमी बसाइँसराइको महत्त्वपूर्ण कारक रहेको छ (वन र जङ्गल, २०२४)।

नेपालमा सामाजिक, आर्थिक र वातावरणीय समस्याहरूका कारण ग्रामीण क्षेत्रबाट सहरतिर सर्ने क्रम निकै बढेको छ, जसले ग्रामीण विकासमा असर पारेको छ । गाउँमा खेतीपातीको उत्पादन घट्दै जानु, गुणस्तरीय शिक्षाको अभाव र रोजगारीका अवसरहरू नहुनु नै यस बसाइँसराइका मुख्य कारणहरू हुन् । यसले गर्दा ग्रामीण भेगमा काम गर्ने जनशक्तिको अभाव र सामाजिक आर्थिक कठिनाइहरू थपिएका छन् भने अर्कोतर्फ बागमती प्रदेशमा जनसङ्याको चाप बढेको छ । यस प्रक्रियाले रेमिट्यान्स मा वृद्धि, आम्दानीको स्तरमा परिवर्तन, जीवनशैलीमा सुधार र शहरी पूर्वाधारमाथिको निर्भरता जस्ता प्रभावहरू निम्त्याएको छ (शर्मा, २०२६) । रेमिट्यान्सलाई केवल पैसा पठाउने माध्यमको रूपमा मात्र नहेरी यसलाई परिवारको अवस्था सुधार्ने र समुदायको विकासमा टेवा पुर्याउने महत्त्वपूर्ण साधनको रूपमा बुझ्नुपर्छ (हास, २०१०)।

यसै सन्दर्भमा अधिकारी (२०२४) को अध्ययनले रामेछाप र मन्थलीका २६० घरधुरीलाई समेट्दै रेमिट्यान्सको उपयोगबारे अध्ययन गरेका छन् । अध्ययन अनुसार, अधिकांश घरपरिवारले रेमिट्यान्स प्राप्त गरे पनि खर्चको स्तर राष्ट्रिय औसतभन्दा कम रहेको छ । विप्रेषणले ग्रामीण अर्थतन्त्रमा शिक्षा, स्वास्थ्य र जीविकोपार्जनमा सुधार ल्याए पनि संस्थागत सहयोग र प्रभावकारी नीतिको अभावमा यसले अपेक्षित राष्ट्रिय आर्थिक वृद्धि हासिल गर्न सकेको छैन । यसले के देखाउँछ भने, रेमिट्यान्सले व्यक्तिगत र पारिवारिक आवश्यकताहरू पूरा गर्न सहयोग गरे तापनि उत्पादनशील क्षेत्रमा प्रयोग गर्ने स्पष्ट सरकारी योजना नभएकाले ग्रामीण क्षेत्र अझै परनिर्भरतामा रहेको देखिन्छ।

विश्वव्यापी परिवेशमा बसाइँसराइको अवस्थालाई नियाल्दा, विश्व बसाइँसराइ प्रतिवेदन (२०२४) अनुसार, विश्वभर करिब २८१ मिलियन अन्तर्राष्ट्रिय आप्रवासीहरू रहेका छन् । अधिकांश मानिसहरू आफ्नै देशमा रहे तापनि काम र रोजगारीको खोजीमा अन्य मुलुक, विशेषगरी उच्च आय भएका देशहरूमा सर्नेहरूको सङ्ख्या बढ्दो छ । यो विश्वव्यापी प्रवृत्तिको प्रत्यक्ष प्रभाव नेपालमा पनि देखिएको छ, जसलाई काफ्ले र महत (२०२६) को अध्ययनले थप पुष्टि गर्दछ । उनिहरुले नेपालबाट हुने श्रम बसाइँसराइ र यसले घरपरिवारको जीविकोपार्जनमा पार्ने प्रभावको विश्लेषण गर्दै नेपालमा रोजगारीको अभाव,कम जमिन र शिक्षा नै वैदेशिक रोजगारीका मुख्य कारकका रूपमा औँल्याएका छन्। अध्ययन अनुसार, रेमिट्यान्सले घरायसी उपभोगमा अल्पकालीन सुधार ल्याए पनि दीर्घकालीन उत्पादनमूलक लगानी र जीविकोपार्जनको विविधीकरणमा यसको प्रभाव मिश्रित देखिएको छ ।


यसैगरी, आन्तरिक बसाइँसराइको स्थानिय क्षेत्रमा पारेको प्रभावबारे विमली (२०२५) द्वारा गरिएको अध्ययनले आठराई गाउँपालिकामा आन्तरिक बसाइँसराइले शिक्षामा पार्ने प्रभावको विश्लेषण गर्न उत्तर-प्रत्यक्षवादी दृष्टिकोणका साथै वर्णनात्मक र अन्वेषणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरेको छ । अध्ययनको नतिजा अनुसार, उक्त क्षेत्रमा आगमन बसाइँसराइ भन्दा निर्गमन बसाइँसराइ तीव्र रूपमा बढिरहेको देखिन्छ । यद्यपि विद्यार्थी संख्यामा सामान्य वृद्धि देखिए पनि शिक्षक र विद्यार्थी अनुपात राष्ट्रिय औसतभन्दा निकै कम रहेको र धेरै आधार भूत विद्यालयहरूमा ५ जनाभन्दा कम विद्यार्थी रहेको पाइएको छ ।

रेभेनस्टाइनले (सन् १८८०) को दशकमा बसाइँसराइको नियमहरुको विकास गरेका थिए, जुन बसाइँसराइ अध्ययनको क्षेत्रमा प्रारम्भिक र मार्गदर्शक कार्यका रूपमा लिइन्छ । उनका अनुसार अधिकांश बसाइँसराइ छोटो दूरीका हुन्छन, तर ठूला सहरी केन्द्रहरूले टाढाबाट पनि मानिसलाई आकर्षित गर्छन,चरणबद्ध बसाइँसराइको प्रक्रियामा मानिसहरू ग्रामीण क्षेत्रबाट साना शहर हुँदै ठूला शहरतर्फ सर्छन । लैङ्गिक दृष्टिले महिलाहरू छोटो दूरी र पुरुषहरू लामो दूरीको बसाइँसराइमा बढी संलग्न हुन्छन् (रेभेनस्टाइन, १८८०) । बसाइँसराइको अर्को महत्त्वपूर्ण तर कम चर्चा गरिएको विषय सामाजिक सुरक्षा र हिंसासँग जोडिएको छ । राई (२०२४) का अनुसार, नेपालमा आन्तरिक तथा बाह्य बसाइँसराइ बढ्दो अवस्थामा रहे पनि घरेलु हिंसाको समस्या पूर्ण रूपमा न्यूनीकरण हुन सकेको छैन। तथापि, बसाइँसराइले घरेलु हिंसामा आंशिक प्रभाव पार्ने देखिन्छ । बसाइँसराइको अवधि लामो हुँदै जाँदा घरेलु हिंसाको जोखिम बढ्ने प्रवृत्ति पाइए पनि छोटो अवधिको बसाइँसराइ र महिलाको उमेर वृद्धि सँगै घरेलु हिंसाको सम्भावना घट्ने गरेको छ । यस्तै खोटाङ जिल्लाको सन्दर्भमा गरिएको अधिकारी र होब्ली (२०१३) को अध्ययनले सन् १९६० र १९७० को दशकमा खोटाङबाट तराई क्षेत्रमा ठूलो मात्रामा जनसङ्ख्या बसाइँ सरेको देखिको छ । जसलाई पछिल्ला वर्षहरूमा वैदेशिक रोजगारी र रेमिट्यान्सको विस्तारले अझ तीव्र र सहज बनाएको छ । विशेषगरी उदयपुरको गाईघाटलाई खोटाङवासीहरूको ऐतिहासिक प्रवेशद्वार तथा प्रमुख बसाइँसराइ गन्तव्यका रूपमा पहिचान गरिएको छ । यस्तै, के.सी (२००३) का अनुसार, तराई क्षेत्रमा हुने आन्तरिक बसाइँसराइ तथा नेपालबाट बाह्य मुलुकतर्फ हुने बसाइँसराइ कुनै नयाँ सामाजिक प्रक्रिया होइन। नेपालमा बसाइँसराइका प्रमुख कारणहरूमा गरिबी, जीवनयापनका अभाव, स्रोत-साधनको असमान वितरण तथा श्रमको मागमा रहेको भौगोलिक असन्तुलनलाई महत्त्वपूर्ण रूपमा लिइन्छ ।

यसैगरि, बसाइँसराइले ल्याउने सामाजिक,आर्थिक परिवर्तनका बारेमा चौधरी (२०२५) को अध्ययनले सप्तरीबाट विराटनगर बसाइँसरेका देव समुदायको सामाजिक आर्थिक रूपान्तरणको विश्लेषण

गरेको छ । गुणात्मक विधि प्रयोग गरिएको यस अनुसन्धानले बसाइँसराइपछि यस समुदायको पेशा, आम्दानी र जीवनशैलीमा ठूलो परिवर्तन आएको देखाउँछ । परम्परागत कृषि र पशुपालन छाडेर अधिकांश मानिसहरु अहिले सेवा क्षेत्र र व्यापारमा संलग्न छन् । मुख्यतया रोजगारीको खोजी र राम्रो जीवनस्तरको चाहनाले गर्दा ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा बसाईंसराइ बढेको र यसले उनीहरूको आर्थिक अवस्थामा सुधार ल्याएको निष्कर्ष अध्ययनले निकालेको छ ।

म्यास्सी र उनका सहकर्मीहरू (१९९३) द्वारा प्रतिपादित सामाजिक सञ्जाल सिद्धान्तले बसाइँसराइलाई केवल आर्थिक फाइदा प्राप्त गर्ने माध्यमका रूपमा मात्र नलिई यसलाई एक सामाजिक प्रक्रियाका रूपमा व्याख्या गर्दछ । यस दृष्टिकोण अनुसार मानिसहरू बसाइँसराइ गर्ने निर्णय केवल रोजगारी, आम्दानी वा आर्थिक अवसरका कारण मात्र लिँदैनन तर उनीहरूबीच रहेको नातेदार, मित्रता तथा समुदायिक सम्बन्धले पनि यस निर्णयमा महत्त्वपूर्ण भूमिका खेल्दछ । कुनै व्यक्ति नयाँ ठाउँमा बसाईंसराइ गर्दा उसले त्यहाँ रहेका आफ्ना आफन्त, साथीभाइ र नजिकका मानिसहरूसँग सम्बन्ध स्थापित गर्छन । यसरी बनेको सामाजिक सञ्जालले भविष्यमा अन्य व्यक्तिहरूलाई पनि त्यही गन्तव्यमा जान आकर्षित गर्दछ र बसाईँसराइको प्रक्रिया विस्तार हुँदै जान्छ (मेसी र अन्य, १९९३) । बसाइँसराइका सञ्जालहरू मजबुत र कमजोर दुवै प्रकारका सम्बन्धहरू मार्फत सञ्चालन हुन्छन् । मजबुत सम्बन्धहरू परिवारका सदस्यहरू र नजिकका साथीभाइसँग जोडिएका हुन्छन्, जसले बसाईंसराइको क्रममा व्यक्तिलाई भावनात्मक, आर्थिक सहयोग गर्छन्, भने कमजोर सम्बन्धहरू चिनजानका व्यक्तिहरू र परिवारबाहिरका टाढाका व्यक्तिसँग सम्बन्धित हुन्छन्, (ग्रानोभेटर, १९७३) । यसै सन्दर्भमा रायन (२०२३) ले आफ्नो पुस्तक "सामाजिक सञ्जाल र बसाइँसराइ" मा बसाइँसराइलाई केवल आर्थिक लाभ वा भौगोलिक परिवर्तनका रूपमा मात्र नहेरी यसलाई सामाजिक सम्बन्धहरूको प्रक्रियाका रूपमा व्याख्या गरेकी छिन् । उनले परम्परागत पुस र पुल सिद्धान्तको आलोचना गर्दै गुणात्मक सामाजिक सञ्जाल विश्लेषणमा जोड दिएकी छिन् । रायनका अनुसार, परिवार, साथीभाइ र चिनजानका सञ्जालहरूले बसाईंसराइको निर्णय, गन्तव्य छनौट र नयाँ ठाउँमा रोजगार वा बसोबास व्यवस्थापनमा महत्वपूर्ण भूमिका खेल्दछ ।




अनुसान्धानको अवधारणात्मक ढाँचा

नेपालमा बसाइँसराइ सम्बन्धी थुप्रै अनुसन्धानहरू गरिएका छन् । अधिकांश पूर्व अध्ययनहरू हेर्दाखेरि बैदेसिक रोजगार कृषि, रेमिट्यान्स, आर्थिक पक्ष र घरेलु हिंसामा केन्द्रित रहेका देखिन्छन् । यद्यपि केही अध्ययनहरू पहाडी क्षेत्रमा गरिएको भए तापनि दिप्रुङ चुइचुम्मा गाउँपालिकाको सन्दर्भमा हालसम्म बसाईंसराइको अवस्था के कस्तो रहेको छ भन्ने विषयमा अध्ययन अनुसन्धान हुन बाँकि नै रहेको देखिन्छ । यसै रिक्ततलाई परिपुर्ति गर्नका लागि यो अनुसन्धान गरिएको छ ।

प्रस्तुत अनुसान्धानको अवधारणात्मक ढाँचाले एभरेष्ट एस.ली (१९६६) को पुस-पुल मोडेललाई नेपालमा ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा हुने बसाइँसराइको प्रवृत्तिलाई व्याख्या गरेको छ । यस ढाँचा अनुसार, उत्पति स्थलमा क्षेत्रहरूमा रहेका विकर्षक कारकहरू जसमा, रोजगारीको अभाव, शिक्षा, स्वास्थ्य, पूर्वाधार र सेवा सुविधामा कम पहुँचले मानिसहरूलाई बाहिर धकेल्ने काम गर्दछन् । अर्कोतर्फ, गन्तव्य स्थलमा रहेका आकर्षक कारकहरू, रोजगारीका अवसर, गुणस्तरीय शिक्षा स्वास्थ्य सेवा, यातायात तथा संचार जस्ता भौतिक पूर्वाधारले मानिसहरूलाई आकर्षित गरेको देखिन्छ । यी दुई स्थानको बीचमा भौगोलिक दूरी, उच्च बसाइँसराइ लागत, जानकारीको अभाव र नयाँ सामाजिक सांस्कृतिक वातावरणमा अनुकूलन हुनुपर्ने अवस्था जस्ता विभिन्न मध्यवती बाधाहरू पनि रहेका हुन्छन् । यी अवरोधहरूले बसाइँसराइको निर्णयलाई केही हदसम्म जटिल बनाउने भूमिका खेल्दछन् अन्ततः मानिसको व्यक्तिगत निर्णय र पारिवारिक आवश्यकताले यी बाधाहरूलाई पार गर्दै बसाइँ सर्न प्रेरित गर्दछ । खोटाङ जिल्लाको दिप्रुङ चुइचुम्मा गाउँपालिका-३ को सन्दर्भमा पनि रोजगारी, शिक्षा, स्वास्थ्य तथा सेवा सुविधाको खोजीमा यस ठाउँबाट शहरीक्षेत्रतर्फ हुने बसाइँसराइलाई यही 'पुस-पुल' सिद्धान्तअनुसार व्याख्या गर्न उपयोगी देखिन्छ ।

## अनुसन्धान विधि

प्रस्तुत अनुसन्धान गुणात्मक पद्धतिमा आधारित रहेको छ । अध्ययनका क्रममा सङ्कलन गरिएका तथ्याङ्कहरूलाई वैज्ञानिक र विश्वसनीय बनाउन प्राथमिक र द्वितीयक दुवै स्रोत सामग्रीको उपयोग गरिएको छ । प्राथमिक तथ्याङ्क संकलन दिप्रुङ चुइचुम्मा गाउँपालिका ३ मा गरिएको छ । उक्त क्षेत्रमा अनुसन्धानकर्ता आफै गएर घरधुरी सर्वेक्षण, अवलोकन, वैयक्तिक अध्ययन समूहिक छलफल र उत्तरदाताहरूबाट गहिरो र वास्तविक जानकारी प्राप्त गर्न खुला र बन्द दुवै प्रश्नहरुको माध्यमबाट अन्तर्वार्ता, लिई तथ्याङ्क सङ्कलन गरिएको छ, भने द्वितीयक स्रोतका रूपमा पुस्तक, जर्नल, अनुसन्धान प्रतिवेदन, पत्रपत्रिका, विभिन्न लेख रचना, अनलाइन सामग्री तथा बसाइँसराइ सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूबाट प्राप्त तथ्याङ्कलाई उपयोग गरिएको छ । यसरी प्राप्त भएका स्रोत सामग्रीहरुको विश्लेषण गर्नका लागि वर्णनात्मक विधि अपनाइएको छ । यस अनुसन्धानका लागि गैर-सम्भाव्यता नमुना छनोट विधि अन्तर्गत उद्देश्यमूलक नमुना छनोट विधिको प्रयोग गरिएको छ । अध्ययन क्षेत्रमा रहेका कुल ४६२ घरधुरीमध्ये विभिन्न समयमा बसाइँ सरेर गएका ८० घरधुरीलाई नमूनाका रूपमा छनोट गरिएको छ, जुन कुल जनसंख्याको करिब १७.३ प्रतिशत हुन आउँछ । यो संख्या अनुसन्धानको निष्कर्ष निकाल्नका लागि पर्याप्त र भरपर्दो मानिन्छ । नमूनाको प्रतिनिधित्व सुनिश्चित गर्न यस वडामा रहेका विभिन्न टोल र समुदायहरूलाई समेटिएको छ, जसले बसाइँसराइका विविध प्रवृत्तिलाई उजागर गर्दछ । यस अनुसन्धानलाई सैद्धान्तिक रूपमा सबल बनाउन एभरेट एस. ली (सन् १९६६) द्वारा प्रतिपादित बसाइँसराइको सिद्धान्त, ई.जी. रेभेनस्टाइन (सन् १८८०) द्वारा प्रतिपादित "बसाइँसराइका नियमहरू" साथै मेसी र उनका सहकर्मी (१९९३) द्वारा प्रतिपादन गरिएको सामाजिक सञ्जाल सिद्धान्त लाई मुख्य आधार बनाइएको छ ।

## बसाइँसराइका कारणहरू

नेपालमा आन्तरिक बसाइँसराइ प्राय गाउँबाट सहर वा तराईतिर हुने गरेको पाइन्छ । यसले गर्दा गाउँबस्तीमा जनसंख्या घट्दै गएको छ भने सहरमा जनसंख्याको चाप बढ्दै गएको छ । "विकासोन्मुख देशहरूमा कम कृषि उत्पादन, बेरोजगारी र कमजोर आर्थिक अवस्था जस्ता 'पुष कारक' हरूले मानिसहरूलाई आफ्नो उत्पत्तिस्थलबाट धकेल्छन् । यसको ठीक विपरीत, राम्रो रोजगारीका अवसर, उच्च पारिश्रमिक ज्याला, र आकर्षक सुविधाहरू जस्ता 'पुल कारक' हरूले आप्रवासीहरूलाई विकसित सुविधा सम्पन्न क्षेत्रतर्फ बसाइँ सर्न आकर्षित गर्छन्" (सापकोटा,२०७२)। दिप्रुङ चुइचुम्मा गाउँपालिकाको सन्दर्भमा पनि शिक्षा, स्वास्थ्य, रोजगारीको अभाव तथा भौगोलिक विकटता जस्ता प्रतिकूल अवस्थाले मानिसहरूलाई गाउँबाट धकेल्ने कारकका रूपमा काम गरेको देखिन्छ । यसको विपरीत, तराई तथा सहरी क्षेत्रमा पाइने गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा र रोजगारीका अवसरहरूले मानिसहरूलाई आकर्षित गरेका छन् । यस प्रक्रियालाई ली (१९६६)को बसाइँसराइको पुष र पुल सिद्धान्त सिद्धान्तका आधारमा विश्लेषण गर्न सकिन्छ ।

## बसाइँसराइका मुख्य धकेल्ने कारकहरू

कुनै व्यक्ति वा परिवारलाई आफ्नो जन्मस्थल छोड्न बाध्य बनाउने कारणहरूलाई 'धकेल्ने कारक' भनिन्छ । मानिस कुनै एक ठाउँबाट अर्को स्थानमा बसाइँसर्नु केवल व्यक्तिगत ईच्छामात्र नभएर परि स्थितिको परिणाम वा आवश्यकता पनि हो । जसमा आर्थिक, सामाजिक, राजनैतिक र वातावरणीय कारकहरूले महत्त्वपुर्ण भुमिका खेलेका हुन्छन् । अध्ययनका क्रममा संकलन गरिएको तथ्याङ्कले दिप्रुङ गाउँपालिकामा बसाइँसराइका विभिन्न कारणहरू रहेको देखाएका छन्, जुन तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १. बसाइँसराइका मुख्य धकेल्ने कारकहरूको घरधुरी विवरण

| बसाइँसराइका कारण | घरपरिवार संख्या | प्रतिशत (५) |
|---|---|---|
| रोजगार तथा व्यापार व्यवसायको अभाव | १९ | २३.७५ |
| गुणस्तरीय शिक्षाको अभाव | १७ | २१.२५ |
| स्वास्थ्य सेवाको अभाव | १५ | १८.७५ |
| काम गर्ने जनशक्तिको अभाव | ११ | १३.९५ |
| द्वन्द्वको प्रभाव | २ | २.५ |
| भौगोलिक विकटता र पूर्वधारको अभाव | १० | १२.५ |
| जंगली जनावरको आतंक | ३ | ३.७५ |
| प्राकृतिक विपत्ति | ३ | ३.७५ |
| जम्मा | ८० | १०० |

स्रोत: क्षेत्रकार्य सर्वेक्षण, २०८२

प्रस्तुत तालिका १ ले दिप्रुङ चुइचुम्मा गाउँपालिका-३ बाट हुने बसाइँसराईका विभिन्न ‘धकेल्ने कारकहरूको विवरण र अवस्थालाई प्रस्ट्याएको छ । संकलित तथ्याङ्क अनुसार ८० घरधुरीको बसाइँसराईको निर्णयमा कुनै एउटा मात्र कारण नभई विभिन्न आर्थिक, सामाजिक, राजनैतिक भौतिक पूर्वाधार र वातावरणीय कारकहरूले संयुक्त प्रभाव पारेको देखिन्छ । यस तालिकामा उल्लेखित मुख्य कारकहरुलाई निम्न बुँदाहरूमा विश्लेषण गरिएको छ ।

## रोजगार तथा व्यापार व्यवसायको अभाव

बसाइँसराइको कारणहरू मध्य आर्थिक कारक पनि एक हो । यस क्षेत्रमा रोजगारीका अवसर हरूको अभाव र व्यापार व्यवसाय गर्नका लागी ठाउँ नहुनु कृषिमा निर्भरता प्रमुख समस्याका रूपमा देखिएका छन् । अध्ययन अनुसार सर्वेक्षण गरिएका ८० घरधुरीमध्ये, सबैभन्दा बढी (२३.७५%) घरधुरीले गाउँमा रोजगारीका अवसरको अभावलाई बसाइँसराइको प्रमुख कारण मानेका छन् । यसबाट के बुझ्न सकिन्छ भने,यस गाउँपालिकामा रोजगारीका अवसर नहुँदा मानिसहरु आफ्नो थातथलो छोडेर अन्यत्र जान बाध्य भएका छन् । युवाहरु आफ्नो शैक्षिक योग्यता र सीप अनुसारको काम नपाउँदा उनीहरू राम्रो रोजगारीको खोजीमा तराई लगायतका अन्य सहरी क्षेत्र वा विदेश जाने गरेका छन् । यसले गाउँबाट युवा जनशक्ति पलायन गराएको छ, जसले गर्दा गाउँको आर्थिक विकासमा बाधा पुगेको छ । परम्परागत कृषि प्रणाली र आधुनिक कृषि प्रविधिको अभावका कारण खेतीबालीबाट पर्याप्त आम्दानी गर्न नसक्नु पनि अर्को महत्वपूर्ण कारक हो । यसैगरि अध्ययनमा सहभागी ३.७५ प्रतिशत घरपरिवाले बाँदर लगाएतका जंगली जनावरले बालीनाली नष्ट गरिदिएका कारण वासस्थान छोड्नु परेको बताएका छन् । वर्षभरि मेहनत गरेर लगाइएको बाली खानेबेलामा आधा मात्र भेटिन्थ्यो । जब मानिसहरूको सङ्ख्या घट्दै गएपछि बस्ती सुनसान बन्दै गयो र जङ्गली जनावरहरु गाउँ पसेर दुख दिएका हुन् । गाउँमा कृषि बाहेक अन्य आम्दानीका वैकल्पिक स्रोतहरू नहुँदा जीवन निर्वाह गर्न कठिन भएकोले बसाइँ सर्नुपरेको उत्तरदाताहरूले बताएका छन्। फलस्वरूप, आर्थिक कठिनाइ कम गर्न, र लगानीका अवसरहरू खोज्नका लागि यहाँका मानिसहरू सुविधासम्पन्न ठाउँहरूमा बसाइँ सर्न बाध्य भएका छन् । यसरी, उत्पत्तिस्थल र गन्तव्यस्थलबीचको आर्थिक भिन्नता नै यस क्षेत्रमा बसाइँसराइको मूल कारक बनेको छ ।

## गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको अभाव

गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा कुनै पनि राष्ट्रको मानवीय र आर्थिक विकासका लागि आधारभूत स्तम्भ हुन् । ग्रामिण क्षेबाट शहरतर्फ बसाईं-सराईको अर्को कारण गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको अभाव पनि हो । दिप्रुङ चुइचुम्मा गाउँपालिका-३ बाट हुने बसाइँसराइको अर्को प्रमुख कारण यहाँको गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको अभाव रहेको पाइएको छ । जसमध्ये २१.२५ % घरधुरीले बसाइँसराइको प्रमुख कारण यहाँको गुणस्तरीय शिक्षालाई मानेका छन् । उत्तरदाताका अनुसार, आफ्ना बालबालिकाले राम्रो शिक्षा प्राप्त गरी भविष्यमा रोजगारी गर्न सकून् र आत्मनिर्भर बन्न सकून् भन्ने चाहनाले उनीहरू सुविधासम्पन्न स्थानतर्फ बसाइँ सरेका हुन् । गाउँमा विद्यालय भए पनि किताबी ज्ञानमा सीमित पढाइ हुने, आधुनिक प्राविधिक सीप तथा व्यवहारिक सिकाइको वातावरण नहुनुले अभिभावकहरू असन्तुष्ट देखिन्छन् । विशेषगरी उच्च शिक्षाका लागि विद्यार्थीको रुचि र क्षमताअनुसारका सीपमूलक तथा व्यवहारिक विषयहरू उक्त क्षेत्रमा उपलब्ध नहुनु, सामुदायिक विद्यालयप्रति अभिभावकहरूको विश्वास घट्दै जानु र निजी विद्यालयमा छोराछोरीलाई पढाउने चाहना बढ्नु प्रमुख समस्या बनेका छन्। यी सबै कारणले अध्ययनका लागि सहर जानैपर्ने बाध्यात्मक अवस्था सिर्जना भएको छ । यसरी शिक्षाको पहुँच र गुणस्तरमा देखिएको असमानताका कारण धेरै

परिवारहरू आफ्नो जन्मथलो छोडेर शिक्षाका लागि सुविधासम्पन्न ठाउँतर्फ बसाइँ सर्न बाध्य भएका छन् ।

यस्तै अध्ययनको क्रममा १८.७५ % घरधुरीले बसाइँसराइको कारण स्वास्थ्य सेवाको अभावका कारण बसाइँसरेको बताएका छन् । उक्त क्षेत्रमा एउटा आधारभूत स्वास्थ्य चौकी भए पनि आवश्यक स्वास्थ्यकर्मी, आधुनिक उपकरण, औषधि र दक्ष चिकित्सकको अभाव रहेको छ । स्वास्थ्य उपचारका लागि टाढाको बाटो हिडेर सदरमुकाम दिक्तेल, उदयपुर गाइघाट, बिराटनगर काठमाण्डौ नै पुग्नुपर्ने बाध्यताले विशेषगरी गर्भवती महिला, बालबालिका र वृद्धवृद्धाका लागि ठूलो चुनौती सिर्जना गरेको छ । गम्भीर रोग लागेका बिरामीहरूले तत्काल उपचार नपाउँदा कतिपयकले बाटोमै ज्यानै गुमाउनुपर्ने अवस्था समेत विद्यमान रहेका छन् ।

## वैयक्तिक अध्ययन १

यसै सन्दर्भमा अन्तर्वार्ताका क्रममा ३० वर्षीय व्यक्तिले बसाइँसराइका कारणबारे व्यक्त गर्नुभएको धारणा यस प्रकार रहेको छ ।

गाउँमा राम्रो स्वास्थ्य सुविधा नभएकाले हामी बसाइँ सरेका हौँ । आमा र बुवा दुबैलाई दमको रोग थियो उपचारका लागि दुबैजनालाई पालैपालो अस्पताल ल्याइरहन पर्ने भएकाले काठमाण्डौ मै राखेर उपचार गराउन पर्ने भयो । गाउँमा बुवाआमाको हेरचाह गर्ने मान्छे नभएर सबै जना यतै बस्न थालियो । बेलाबखत गाउँ जाने आउने गरिरहेका थियौ । जब बुबा आमा दुबैजनालाई उपचार गराउन ढिला भएर बचाउन सकिएन त्यसपछि गाउँ फर्सकिएर जाने रहर छैन, यतै काम गरेर जीवन निर्गावाह गरिरहेका छौँ । गाउँको घर खाली छ । केहि भाग जग्गा चाहि छिमेकीलाइ गरिखान दिएका छौँ बाँकि बाँझै छ" (अन्तर्वार्ता, २०८२/०७/०४) ।

यस अध्ययनले ग्रामीण क्षेत्रमा शिक्षा र स्वास्थ्य सेवाको अभावले मानिसहरूलाई कसरी आफ्नो जन्मथल छाडी शहरी क्षेत्रतर्फ बसाइँ सर्न बाध्य बनाएको छ भन्ने यथार्थलाई चित्रण गर्दछ जसले यस क्षेत्रको जनसांख्यिकीय सन्तुलन र गाउँको समग्र विकास निर्माणका कार्यमा असर पुर्याउने देखिन्छ ।

## सामाजिक र जनसांख्यिकीय कारण

बसाइँसराईका कारणहरूमा सामाजिक र जनसाङ्ख्यिकीय पक्षहरूको भूमिका महत्वपूर्ण रहेको हुन्छ । मानिसहरू बसाइँ सर्नुको सामाजिक कारणहरूमा जीवनस्तर सुधार गर्ने चाहना प्रमुख हो । अध्ययन अनुसार, यस गाउँपालिका बाट, १३.९५% घरपरिवारले काम गर्ने जनशक्तिको अभावका कारण बसाइँसरेको बताएका छन् । गाउँमा खेतीपातीका लागि अर्म-पर्म गर्ने मानिसहरूको अभाव हुनु र आपत-विपत पर्दा हारगुहार गर्ने छिमेकी नभेटिनुले उनिहरूलाई सामाजिक रूपमा एक्लोपनको महसुस गराइ बसाइँसर्न बाध्य पारेको छ । कृषि यस क्षेत्रको मुख्य पेसा भए पनि यसमा देखिएका समस्याहरूले पनि बसाइँसराइलाई बढावा दिएको छ । गाउँमा मानिसको बसोवास पातलिदै जाँदा, धेरै जसो जग्गा जमिन बाँझो हुदै गएको छ । गाउँबाट युवा तथा सक्रिय उमेरका मानिसहरू हिँडदा अहिले गाउँमा मुख्यतया वृद्धवृद्धा र बालबालिकाको बाहुल्यता रहेको छ । यसले उत्पादनशील जनशक्तिको अभाव सिर्जना गरेको छ ।

## वैयक्तिक अध्ययन २

यसै सन्दर्भमा कुराकानी तथा अन्तर्वार्ताको क्रममा दिप्रुङ गाउँपालिकाबाट त्रियुगा नगरपालिका, गाईघाटमा बसाइँ सरेर आएका ५६ वर्षीय एक ब्यक्ती गाउँमा आपतवपित पर्दा साथ सहयोग गर्ने मान्छे नपाएर आफुहरु ५ वर्ष अगाडि नै सरेर आएको बताउँछन् ।

घरमा २ जना बुढाबढी मात्र भइयो, छोराछोरी सबै जागरिको सिलसिलामा यतै तराइतिर थिए, खेतिपातिको काम एक्लैले गर्न सकिएन, बुढेसकाल

लाग्दै गयो, काम गर्न सकुञ्जेल बसियो नसकेपछि छोराछोरीले यतै बस्न बोलाएर आएका हौं । गाउँमा पहिलाको जस्तो मान्छे पाउन पनि गार्हो छ । काम गर्न सक्ने उमेरका केटाकेटी गाउँ बस्न रुचाउँदैनन् पढन र जागिर खान कोही शहरतिर छन् कोही बिदेश गएका छन्। धेरै जसो आफन्तहरु सबै यहि ठाउँमा भएकाले यहाँ बस्नलाई सहज भएको छ । गाउँमा घरवरिपरिको जग्गा छिमेकी लाई गरिखान दिएका छौं, बाँकी बाँझै छ । (अन्तर्वार्ता, २०८२/०७/०५) । यसरी सामाजिक सहयोगको कमी पारिवारिक पुर्नमिलनको अवाश्यक्ता नै यस क्षेत्रबाट हुने बसाईंसराइको कारकको रूपमा देखिएको छ ।

## भौगोलिक विकटता र पूर्वधारको अभाव

भौगोलिक विकटता र पूर्वधारको अभाव ग्रामिण क्षेत्रबाट हने बसाइँसराइका प्रमुख कारकहरु मध्य एक हुन । जसले मानिसको दैनिक जीवनलाइ कष्टकर र जोखिमपुर्ण बनाउँछ । अध्ययन अनुसार १२.५% उत्तरदाताहरूले भौगोलिक विकटता र पूर्वधारको अभावका कारण बसाइसरेको बताएका छन् । विकास र सेवा-सुविधाको दृष्टिले यो क्षेत्र अझै पनि पिछडिएको ठाउँका रूपमा चिनिन्छ, जहाँ भौतिक पूर्वाधारको विकासमा ठूला चुनौतीहरू विद्यमान छन्, जसले स्थानीय बासिन्दाहरूको जीवनलाई जोखिमपूर्ण र कठिन बनाएको छ । उक्त क्षेत्रमा सडक सञ्जालको नाममा कच्ची बाटो पुगे पनि बाढी-पहिरोका कारण सडक अवरुद्ध भइरहने हुँदा गाडी नियमित सञ्चालन हुँदैन । जसका कारण आपतकालिन अवस्थामा कोहि बिरामी पर्यो र तत्काल उपचार गराउन पर्ने अवस्था भएमा महंगो रकम तिरेर हेलिकप्टर चार्टर गरेर काठमाडौ ल्याउने गरेका छन् भने सामान्य आर्थिक अवस्था भएकाहरुले स्टेचरमा बोकेर घण्टौं हिँडेर जोखिमपूर्ण यात्रा गरेर अस्पताल पुग्न बाध्य छन् । गाउँमा स्थानीय बजार नहुँदा ब्यापार व्यवसाय दैनिक उपभोग्य सामग्री खरिद-बिक्रीका लागी समय हिडेर सदरमुकाम गाइघाट जानपर्ने बाध्यात्मक परिस्थिति रहेको छ । भीर पाखा र अफ्ट्यारो भू बनोटका कारण कतिपयले भिरबाट लडेर अकालमा ज्यान गुमाउन परेको दु:खद घटनाहरूले समेत यहाँका मानिसहरूलाई सुरक्षित स्थानतर्फ बसाइँ सर्न बाध्य पारेको देखिन्छ ।

अध्ययनको क्रममा गरिएको अन्तर्वार्तामा ६५ वर्षीय एक उत्तरदाताले व्यक्तिगत पीडा र भौगोलिक जोखिमलाई उनिहरु बसाइँसर्नुको मुख्य कारक रहेको बताएका छन् । “मेरा २ जना छोरी बितेपछि हामी मोरङमा बसाइँसरेर आएका हौं । ५ वर्ष लगाडी कान्छि छोरी लडेर ज्यान गुमाइन् । फेरि जेठि छोरी घाँस काट्न जाँदा भिरबाट लडेर ज्यान गुमाएपछि गाउँमा बस्न मन मन लागेन अनि छाडेर आइयो । छोरा बुहारी यतै बस्छन्, सामान्य काम गरेर भएपनि जिविका चलाइरहेका छौं । गाउँमा छँदा जति दु:ख बिराम परे पनि सहेर बसेका थियौं । अव गाउँ फर्कने सोच छैन” (अन्तर्वार्ता, २०८२/०७/०४) । भौगोलिक बिकटताका साथै विकासको मूल धारबाट पछाडि परिरहनु नै यस क्षेत्रबाट मानिस पलायन हुनुको प्रमुख आधार बनेको देखिन्छ ।

## राजनैतिक कारण

राजनैतिक अस्थिरता र द्वन्द्वले बसाइँसराइको प्रक्रियामा महत्वपूर्ण भूमिका खेल्दछ । थेट (२००९) को अध्ययनले नेपालमा २०५२ सालपछि असुरक्षाका कारण ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा ठूलो संख्यामा मानिसहरू बसाइँ सरेको तथ्यलाई पुष्टि गर्दछ । जसले राजनैतिक पृष्ठभूमि र असुरक्षाले मानिसको बसाइँसराइको निर्णयमा प्रत्यक्ष प्रभाव पार्ने देखाउँछ । यसरी, राजनैतिक द्वन्द्वले निम्त्यायको भय र त्रासले बसाइँसराइको प्रवृत्तिलाई बढावा दिएको पाइन्छ । यसैगरि, दिप्रुङ चुइचुम्मा गाउँपालिका-३ मा गरिएको अध्ययन अनुसार कुल उत्तरदातामध्ये २.५% घरपरिवारले राजनैतिक द्वन्द्वलाई बसाइँसराइको कारण बताएका छन् । उक्त क्षेत्रमा हालको अवस्था शान्तिपूर्णरहे तापनि विगतको सशस्त्र द्वन्द्वले बसाइँसराइको आधार तयार पारेको

देखिन्छ । द्वन्द्वकालीन समयमा परिवारका सदस्यहरू सुरक्षा निकाय सेना वा प्रहरीमा कार्यरत रहेका कारण गाउँमा बस्ने वातावरण असहज बनेपछि उनिहरु सुरक्षाको खोजीमा तराइमा सरेका थिए । सुरुवाती चरणमा उनीहरू पूर्ण रूपमा बसोवास नगरि आधा परिवार गाउँमा र आधा शहरमा बस्ने गरे तापनि हाल पारिवारकि सहजताका लागि सबै परिवार तराईमै स्थायी रूपमा बसोबास गर्न थालेको बताएका छन् । यसले के पुष्टि गर्छ भने, तत्कालीन राजनीतिक वातावरण अहिले शान्त भए तापनि विगतको द्वन्द्वले सिर्जना गरेको त्रास र विस्थापनले केही घरपरिवारलाई स्थायी बसाइँसराइ गर्न बाध्य बनाएको देखिन्छ । यसरी राजनीतिक अस्थिरताबाट सुरु भएको प्रक्रिया पछि सुरक्षा र सुविधाको खोजीसँग जोडिँदै गएको स्पष्ट हुन्छ ।

## बसाइँसराइका आकर्षण कारकहरू

मानिस आफु बसोवास गरिरहेको ठाउँमा भन्दा तुलनात्मक रूपमा गन्तव्य स्थलमा पाइने बिभिन्न सेवा सुविधा  र रोजगारीका अवसरहरूले उनिहरुलाइ बसाइँसर्न आकर्षित गरेका हुन्छन् । क्षेत्रगत रूपमा दिप्रुङ चुइचुम्माबाट बसाइँ सरेर गएका ८० घरपरिवारमा गरिएको सर्वेक्षणका आधारमा बसाइँसराइका मुख्य आकर्षण कारकहरूलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २  बसाइँसराइका आकर्षण कारकहरू

| आकर्षण कारकहरू | घरपरिवार संख्या | प्रतिशत % |
|---|---|---|
| रोजगार तथा व्यापार व्यवसायका अवसर | १८ | २२.५ |
| गुणस्तरीय शिक्षाको अवसर | १६ | २० |
| उर्वर जमिनमा खेती गर्ने अवसर | ९ | ११.२५ |
| स्वास्थ्य सेवामा पहुँच | ११ | १३.७५ |
| यातायातको सुविधा | १० | १२.५ |
| रेमिट्यान्सको सदुपयोग | ७ | ८.७५ |
| सुरक्षित वातावरण | ४ | ५ |
| आफन्त तथा साथीभाई | ५ | ६.२५ |
| **जम्मा** | ८० | १०० |

स्रोत: क्षेत्रकार्य सर्वेक्षण, २०८२

प्रस्तुत  तालिका नं. २ ले दिप्रुङ चुइचुम्मा गाउँपालिकाबाट हुने आन्तरिक बसाइँसराइका प्रमुख आकर्षण कारकहरू तथा तिनको अवस्थालाई स्पष्ट पारेको छ । यस सर्वेक्षणमा समेटिएका जम्मा ८० घरपरिवारको तथ्याङ्कलाई  हेर्दा बसाइँसराइको निर्णयमा कुनै एउटा मात्र कारण नभई विभिन्न आर्थिक, सामाजिक तथा पूर्वाधार सम्बन्धी अवसरहरूको खोजीसँग सम्बन्धित रहेको देखिन्छ । विशेषगरी तराई लगायतका बिभिन्न सुविधा सम्पन्न ठाउँमा पाइने रोजगारी, गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवाजस्ता आधारभूत सुविधाहरूले यस क्षेत्रका मानिसहरूलाई बसाइँसर्न  आकर्षित गरेको देखिन्छ । प्रस्तुत तथ्याङ्कलाई निम्न बुँदाहरूका आधारमा विश्लेषण गरिएको छ ।

## रोजगारी तथा व्यापार व्यवसायका अवसर

मानव जीवनका आधारभूत आवश्यकता पूरा गर्न कुनै न कुनै आर्थिक कार्यमा संलग्न भई जीवन

निर्वाह गर्नु पेशा हो । पेशाले व्यक्ति, परिवार तथा राष्ट्रको आर्थिक, सामाजिक र प्रतिष्ठाको स्थिति निर्धारण गर्दछ । दिप्रुङ गाउँपालिकाको सन्दर्भमा रोजगार तथा  तथा यातायातको सुविधाले बसाइँसराइमा महवपुर्ण भुमिका खेलेको देखिन्छ । अध्ययन अनुसार विभिन्न समयमा बसाइँ सरेर गएका घरपरिवारहरू मध्य सबैभन्दा बढी १८ घरपरिवार (२२.५%) रोजगारी तथा व्यापार-व्यवसायका अवसर हरुबाट आकर्षित भई बसाइँसरेको पाइन्छ । यसले के जनाउँछ भने मानिसहरु आर्थिक स्थायित्व  र जीवनस्तर उकास्ने चाहनाले अवसरहरू खोज्दै सुगम ठाउँमा  बसाइँसर्न आकर्षित भइरहेका छन् । त्यसैगरी, सर्वेक्षणमा सहभागी १२.५% घरपरिवारले यातायातको सुविधाका कारण दैनिक आवतजावतमा सहज भई समयको बचत हुने भएकाले बसाइँ सरेको बताएका छन् । समग्रमा गन्तव्य स्थानमा पाइने रोजगारीका अवसरहरु र दैनिक आवतजावतका लागि यातायातको सहज पहुँचले मानिसहरूलाई आकर्षित गर्दा बसाइँसराइ  भएको पाइन्छ ।

## गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा  पहुँच

गुणस्तरीय शिक्षा र स्वास्थ्य  सुविधाको अवसर  दोस्रो आकर्षण कारकका रूपमा देखिएको छ । सर्वेक्षणमा सहभागी २०% (१६ घरपरिवार) ले विद्यालय र क्याम्पसको शैक्षिक गुणस्तरप्रति आकर्षित भइ बसाइँ सरेको बताएका छन् । उत्तरदाताहरुका अनुसार, शहरमा प्राविधिक, व्यावसायिक र रुचिअनुसारका विषयहरू अध्ययन गर्न पाइने हुनाले भविष्यमा राम्रो रोजगारी पाउने उदेश्यले बसाइसरेको बताएका छन्।

## वैयक्तिक अध्ययन, ४

अन्तर्वार्तामा सहभागी एक व्यक्तिसँगको कुराकानी अनुसार, गाउँमा एस. एल. सी. सम्म पढेर बाँकी  पठनपाठन पुरा गर्न उनि तराइमा आएको बताउँछन् । गाउँमा १२ कक्षासम्म पढाई भएनि आफूले अध्ययन गर्न चाहेको विषय नभएर यहाँ पढन आएको हो । हाल उनी पढाइसँगै सरकारी सेवामा रोजगार पनि गरिरहेका रहेछन् ।  “आफ्नो इच्छा अनुसारको विषय राम्रोसँग अध्ययन गर्न पाइयो मिहेनत गरेर जागिर खान पाउँदा खुसी छु । अहिले हामी सबै परिवार तराइमा बसाइँ आइसकेका छौँ । भाइबहिनीहरू सबै आ-आफ्नो रुचिको विषय लिएर यहीँ अध्ययनरत छन् (अन्तर्वार्ता, २०८२/०७/५)।

यसैगरी, स्वास्थ्य सेवाको पहुँच पनि बसाइँसराइको महवपूर्ण आकर्षण कारक बनेको छ । सर्वेक्षण अनुसार ११ घरपरिवारमध्ये १३.७५% ले स्वास्थ्य सेवामा सहजता, उपचारका लागि दक्ष चिकित्सक, निजी क्लिनिक र आपतकालीन उपचार सहज रूपमा पाइने भएकाले बसाइँ सरेको बताएका छन् । यसरी, गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा पहुँच नहुँदा उत्पन्न भएका समस्या र अवसरको खोजी नै  यस स्थल बाट हुने बसाइँसराइका प्रमुख आकर्षक कारकका रूपमा देखिन्छन् ।

## आफन्त तथा साथीभाई

मानिसहरू बसाइँसराइ गर्ने निर्णय केवल रोजगारी, आम्दानी वा आर्थिक अवसरका कारण मात्र लिदैनन बरु उनीहरूबीच रहेका आफन्त तथा साथीभाइहरुको सम्बन्धले पनि यस निर्णयमा महत्वपूर्ण भूमिका खेल्दछ । कुनै व्यक्ती नयाँ ठाउँमा बसाइँसराइ गर्दा उसले त्यहाँ रहेका नजिकका मानिसहरूसँग सम्बन्ध स्थापित गर्छन । यसरी बनेको सामाजिक सञ्जालले भविष्यमा अन्य व्यक्तिहरूलाई पनि त्यही गन्तव्यमा जान आकर्षित गर्दछ र बसाइँसराइको प्रक्रिया विस्तार हुँदै जान्छ (मेस्सी र अन्य, १९९३) ।  दिप्रुङ चुइचुम्मा गाउँपालिकाको सन्दर्भमा पनि बसाइँसराइमा आफन्त तथा साथीभाइहरूको निर्णयले महत्त्वपूर्ण भूमिका खेलेको अध्यायनले देखाउँछ । सर्वेक्षणमा सहभागी घरपरिवारमध्ये ६.२५% ले आफन्त तथा साथीभाई बसोबास भएको स्थानमा सामाजिक सहयोग, सुरक्षा र सहज वातावरणको कारण बसाइँ सरेको बताएका छन् । यद्यपि यो प्रतिशत अन्य आर्थिक, शैक्षिक वा पूर्वाधारसम्बन्धी कारणको तुलनामा कम देखिएको छ ।

सामाजिक सञ्जालले मानिसलाई नयाँ गन्तव्य स्थलमा अनुकूल हुने वातावरण प्रदान गर्ने भएकाले यसलाई बसाइँसराइ प्रक्रियामा महवपूर्ण सहायक तत्त्व मान्न सकिन्छ । समग्र विश्लेषणले यस गाउँपालिका बाट हुने बसाइँसराइ आर्थिक, शैक्षिक, स्वास्थ्य तथा पूर्वाधारको अभावसँग सम्बन्धित रहेको देखाउँछ ।

## उर्वर भूमिमा खेती गर्ने अवसर

यस गाउँपालिकाबाट हुने बसाइँसराइको अर्को महत्वपूर्ण आकर्षण कारकका रूपमा उर्वर भूमिमा खेती गर्ने अवसर देखिएको छ । अध्ययनको तथ्याङ्कअनुसार कुल घरपरिवारमध्ये ११.२५% घरपरिवार उर्वर जमिनमा खेती गर्ने अवसरका कारण बसाइँ सरेका छन् । उत्तरदाताहरूले बताए अनुसार तराई क्षेत्रमा खेतीका लागि पर्याप्त सिँचाइ सुविधा, आधुनिक कृषि उपकरणको प्रयोगका साथै र समथर भू भागका कारण पहाडमा जस्तो धेरै दुःख गर्नु पर्दैन । थोरै लगानी र मेहनतमा पनि राम्रो अन्न उत्पादन गरी व्यावसायिक कृषिबाट आम्दानी गर्न सकिने सहज वातावरण भएकोले गर्दा उनीहरू आफ्नो पुर्ख्यौली थातथलो छोडेर तराईमा बसोवास गर्न आकर्षित भएको देखिन्छ ।

## रेमिट्यान्सको सदुपयोग

रेमिट्यान्सको उपयोग पनि यस गाउँपालिकाबाट हुने बसाइँसराइको अर्को आकर्षक कारकका रूपमा देखिएको छ । अध्ययनको तथ्याङ्कअनुसार कुल घरपरिवारमध्ये ८.७५% (७ घरपरिवार) वैदेशिक रोजगारीबाट प्राप्त आम्दानीलाई व्यवस्थित ठाउँमा लगानी गर्ने उद्देश्यले बसाइँ सरेका छन् । उत्तरदाताहरूका अनुसार विदेशबाट पठाएको पैसालाले तराई लगाएतका शहरी क्षेत्रमा घर घडेरी किनेर छोराछोरीलाई पढाउनका साथै, रेमिट्यान्सको माध्यमबाट प्राप्त रकमलाई व्यापार व्यवसायमा लगानी गरी आर्थिक रूपमा आत्मनिर्भर बन्ने चाहनाले बसाइँसरेको बताएका छन् । यसले के प्रष्ट पार्छ भने, रेमिट्यान्सले ग्रामीण क्षेत्रका मानिसहरूको आर्थिक अवस्था सुधार गर्दै नयाँ लगानीका अवसर भएका स्थानतर्फ बसाइँ सर्न प्रेरित गरेको छ ।

## सुरक्षित वातावरण

बसाइँसराइका विभिन्न आकर्षक कारकहरूमध्ये सुरक्षित वातावरण तुलनात्मक रूपमा सबैभन्दा कम कारकका रूपमा देखिएको छ । अध्ययनको तथ्याङ्क अनुसार, कुल ८० घरपरिवारमध्ये ५% (४ घरपरिवार) मात्र सुरक्षित वातावरणबाट आकर्षित भई बसाइँ सरेका छन् । यद्यपि यो प्रतिशत अन्य आर्थिक वा शैक्षिक कारणहरूको तुलनामा न्यून देखिए तापनि, मानव बसोबासको निर्णयमा सुरक्षाको भूमिका अत्यन्त महत्त्वपूर्ण रहन्छ । उत्तरदाताहरूका अनुसार, गाउँमा आफ्नो घरबारी पहिरोको जोखिममा परेपछि सुरक्षाको खोजीमा उनीहरू सुरक्षित स्थानमा सर्न आकर्षित भएका हुन् । नयाँ गन्तव्य स्थलमा बाढी पहिरो जस्ता प्राकृतिक प्रकोपको डर नभएकाले नै उक्त स्थान रोजेको बताएका छन् । यसले के प्रष्ट पार्छ भने बसाइँसराइको मुख्य उद्देश्य आर्थिक अवसर प्रमुख कारण भए पनि प्राकृतिक विपति र सुरक्षाको अभावले मानिसलाई आफ्नो पुर्ख्यौली थातथलो छोड्न बाध्य बनाउँछ ।

## बसाइँ सरेर गएको स्थल

बसाइँसराइ कुनै पनि ठाउँको सामाजिक, आर्थिक र जनसांख्यिकिय संरचनामा परिवर्तन ल्याउने महत्वपूर्ण प्रक्रिया हो । मानिसहरूले आफ्नो थातथलो छाडेर नयाँ ठाउँमा बसाइँ सर्ने विभिन्न कारणहरू हुन्छन् । जसमध्ये अवसरको खोजी पनि प्रमुख कारक हो । यसै सन्दर्भमा, दिप्रुङ चुइचुम्मा गाउँपालिकाबाट विभिन्न समयमा बसाइँसरेर गएका घरपरिवारहरूको गन्तव्य स्थल सम्बन्धी तथ्याङ्कलाई विश्लेषण गर्न रेभेन्स्टाइन (१८८५) को बसाइँसराइको नियम

उपयोगी देखिन्छ । रेभेन्स्टाइनका अनुसार अधिकांश मानिसहरू छोटो दूरीको बसाइँसराइ गर्न रुचाउँछन्, जसलाई यस अध्ययनको तथ्याङ्कले पुष्टि गर्दछ ।

तालिका ३. बसाइँसरेर गएको स्थल

| बसाइँ सरेर गएको जिल्ला | घर संख्या | प्रतिशत % |
|---|---|---|
| उदयपुर | ३२ | ४० |
| सुनसरी | १८ | २२.५ |
| मोरङ | ११ | १३.७५ |
| सप्तरी | ६ | ७.५० |
| झापा | ४ | ५ |
| काठमाडौं | ५ | ६.२५ |
| अन्य | ४ | ५ |
| जम्मा | ८० | १०० |

स्रोत: क्षेत्रकार्य सर्वेक्षण, २०८२

दिप्रुङ चुइचुम्मा गाउँपालिका बाट विभिन्न समयमा बसाइँ सरेर गएका परिवारहरू मध्य धेरैको प्रमुख आकर्षक गन्तव्य स्थल उदयपुर जिल्ला रहेको छ । जहाँ कुल बसाइँ सर्ने परिवारमध्ये ४०% अर्थात् ३२ घरपरिवार सरेका छन् । उत्तरदाताका अनुसार, उदयपुर जिल्ला भौगोलिक रूपमा नजिक हुनुका साथै शिक्षा, स्वास्थ्य तथा अन्य आधारभूत सेवा-सुविधामा सहज आफन्त तथा छिमेकीहरूको बसोबास रहेको हुँदा उनिहरुबाट साथ सहयोग पाउन सजिलो हुने भएकाले पनि बसाइँसराइलाई प्राथमिक गन्तव्यका रूपमा रोजिएको बताएका छन् । यसैगरि, सुनसरी जिल्ला दोस्रो प्रमुख गन्तव्यको रूपमा रहेको छ, जहाँ २२.५% (१८ घरपरिवार) बसाइँ सरेका छन् । धरान र इटहरी लगायतका सुविधासम्पन्न शहरी क्षेत्रहरू रहेकाले रोजगारी, शिक्षा र स्वास्थ्य सेवातर्फ आकर्षण बढाएको देखिन्छ । तेस्रोमा मोरङ जिल्ला रहेको छ, जहाँ १३.७५% (११ घरपरिवार) यस स्थानमा बसाइँसरेका छन् । भने बाँकी बसाइँ सरेका परिवारहरू सप्तरी (७.५०%), झापा (५%), र काठमाडौंमा (६.२५%) मानिसहरू बसाइँसरेका छन् । राजधानीमा बसाइँसर्ने हरुको संख्या तुलनात्मक रूपमा कम रहेको पाइन्छ । यसले बसाइँ सर्नेहरूको प्रमुख गन्तव्य तराई क्षेत्र नै रहेको देखाउँछ । जसले दूरी बढ्दै जाँदा बसाइँसराइको दर घट्दै जाने रेभेन्स्टाइनको सिद्धान्तलाई प्रमाणित गर्दछ । समग्रमा, यो विश्लेषणले दिप्रुङ चुइचुम्माका बासिन्दाहरू मुख्यतया छोटो दूरीमा पर्ने तराईका जिल्लाहरूमा नै बढी केन्द्रित भएको देखाउँछ, जहाँ उर्वर कृषि भूमि र आधुनिक भौतिक पूर्वाधारको सुविधाले बसाइँसराइका लागि आकर्षक स्थलका रूपमा रहेका छन् ।

## छलफल

यस अध्ययन बाट प्राप्त तथ्यहरुका आधारमा दिप्रुङ चुइचुम्मा गाउँपालिका ३ मा आन्तरिक बसाइँसराइको मुख्य कारण रोजगारीको अभाव (२३.७५%), गुणस्तरीय शिक्षा (२१.२५%), स्वास्थ्य सेवामा पहुँचको कमी (१८.७५%) तथा कामगर्ने जनशक्तीको अभाव (१३.९५%) साथै भौगोलिक विकटता र पूर्वाधारको अभाव (१२.५%) रहेको पाइयो । अध्ययनको यो निष्कर्ष ली (१९६६)

द्वारा प्रतिपादित पुस-पुल सिद्धान्तसँग मेल खान्छ, जहाँ गाउँमा रोजगारी र शिक्षा स्वास्थ्यको अभाव विकर्षक कारक तथा सुविधा र अवसर भएका स्थलहरू आकर्षक कारकका रूपमा देखिएका छन् । यसैगरि,रेभेनस्टाइन (१८८०) द्वारा प्रतिपादित बसाइँसराइका नियमहरू अनुसार बसाइँसराइ प्रायजसो छोटो दूरीतर्फ केन्द्रित हुन्छन भनिएको छ । यस अध्ययनमा पनि धेरै मानिसहरूले उदयपुर (४०%) र सुनसरी (२२.५५%) जस्ता नजिकका जिल्लालाई रोजेका छन् । साथै, मयास्सी (१९९३) को सामाजिक सञ्जाल सिद्धान्तमा बसाइँसराइ सामाजिक सम्बन्धद्वारा पनि प्रभावित हुन्छन भनिएको छ । यस अध्ययनमा (६.२५%) प्रतिशत घरधुरीले आफन्त र साथीभाईको सञ्जालका कारण बसाइँ सरेको पाइएकाले बसाइँसराइ केवल आर्थिक निर्णय मात्र नभई सामाजिक प्रक्रिया पनि रहेको स्पष्ट हुन्छ त्यसैले यी सिद्धान्तहरू यस अध्ययनका लागि उपयोगी देखिन्छन् ।

यस्तै, समीक्षा गरिएका लेखहरूमध्ये के.सी. (२०२०), गौतम (२००५), बोहरा (२०२३) र सुवाल (२०१४) चौधरी (२०२५), विमली (२०२५) र शर्मा (२०२६) का अध्ययनहरूले यस्तै कारणहरु रहेको बताएका छन् । यसैगरि, नेपालमा आन्तरिक बसाइँसराइको लहर पछिल्लो दशकमा तीव्र रूपमा बढिरहेको तथ्य राष्ट्रिय तथा स्थानीय तथ्याङ्कको तुलनात्मक विश्लेषणबाट प्रस्ट हुन्छ । राष्ट्रिय जनगणना २०६८ मा आन्तरिक बसाइँसराइ दर ९.७% रहेकोमा २०७८ सम्म आइपुग्दा यो दर वृद्धि भई २९.२% पुग्नुले देशव्यापी रूपमै जनसाङ्ख्यिकीय स्थानान्तरणको प्रवृत्ति तीव्र भएको संकेत गर्दछ । राष्ट्रिय स्तरमा सबैभन्दा बढी ३२% मानिस पहाडी क्षेत्रबाट, २८.९% तराई क्षेत्रबाट,१३.८% हिमाली क्षेत्रबाट सरेका छन् । जसले पहाडी क्षेत्रमा बसाइँसराइको दर उच्च रहेको देखाउँछ । यही प्रवृत्ति दिप्रुड चुइचुम्मामा पनि देखिन्छ । २०६८ को जनगणना अनुसार, यस गाउँपालिकाको को कुल जनसङ्ख्या २,३५३ रहेकोमा २०७८ सम्म आइपुग्दा यो संख्या घटेर १,८४५ मा सीमित हुनुले एक दशकको अन्तरालमा करिब २१.५५% मानिस बाहिरिएको देखाउँछ । राष्ट्रिय स्तरमा बसाइँसराइ दर बढ्नु र स्थानीय स्तरमा जनसङ्ख्या घट्नुबीचको यो समान प्रवृत्तिले ग्रामीण क्षेत्रबाट सुविधासम्पन्न ठाउँमा हुने बसाइँसराई व्यक्तिगत चाहना मात्र नभई बाध्यता बन्दै गएको देखिन्छ । दिप्रुडको सन्दर्भमा रोजगारीका अवसरको अभाव, गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवामा कम पहुँच जस्ता धकल्ने कारकहरूले बसाइँसराइलाई थप बढाएको देखिन्छ । यस प्रवृत्तिले ग्रामीण क्षेत्रमा सक्रिय जनशक्तिको अभाव, कृषि योग्य जमिन बाँझो रहने अवस्था तथा स्थानीय विकासमा अवरोध जस्ता चुनौतीहरू सिर्जना गरिरहेको छ ।

यसैगरि, यस अध्ययनको निष्कर्षलाई हास (२०१०) को तर्कसँग तुलना गर्दा दिप्रुङ गाउँपालिकामा रेमिट्यान्सको भूमिका पनि महत्वपूर्ण देखिन्छ । अध्ययनअनुसार ८.७५ घरधुरीले वैदेशिक रोजगारीको आयलाई नै आधार मानी सुरक्षित स्थानमा बसाइँ सरेका छन् । उनले भनेझैं, रेमिट्यान्स केवल आयको स्रोत मात्र नभई परिवारको जीवनस्तर सुधार्ने र नयाँ लगानीका अवसर खोज्ने उपकरण बनेको छ । यस्तै, अधिकारी (२०२४) ले रामेछाप र मन्थलीमा गरेको अध्ययनले रेमिट्यान्सको खर्च स्तर राष्ट्रिय औसतभन्दा कम रहेको निष्कर्ष निकाले तापनि यस अध्ययनमा भने रेमिट्यान्सलाई बसाइँसराइको प्रमुख आकर्षक कारकका रूपमा पाइएको छ । यहाँका घरपरिवारले विप्रेषणलाई केवल दैनिक उपभोगमा मात्र सीमित नराखी सहरमा घरजग्गा किन्न र गुणस्तरीय शिक्षामा लगानी गर्न प्रयोग गरेको देखिन्छ । यसरी अधिकारीको अध्ययनले रेमिट्यान्सको न्यून उपभोग खर्चलाई देखाउँछ भने प्रस्तुत अध्ययनले रेमिट्यान्सलाई बसाइँसराइ र लगानीको र अवशरको माध्यमका रूपमा देखाउँछ । यसले गर्दा दुई अध्ययनबीच रेमिट्यान्सको उपयोगिता र त्यसले बसाइँसराइमा पार्ने प्रभावमा भिन्नता स्पष्ट देखिन्छ । विशेष गरी

अधिकारी र होब्ली (२०१३) ले सन् १९६० र ७० को दशकदेखि नै खोटाङबाट तराईतर्फ भएको ऐतिहासिक बसाइँसराइको चर्चा गरेका छन् । जसलाई वर्तमानमा वैदेशिक रोजगारी र रेमिट्यान्सले थप तीव्र बनाएको छ । प्रस्तुत अध्ययनले पनि ४०% सहभागीको प्रमुख गन्तव्य उदयपुर गाईघाट नै रहेको देखाउँछ । यसरी विगतदेखिको भौगोलिक निकटता र गाईघाटलाई प्रमुख प्रवेशद्वार मान्ने चलन अहिले पनि उत्तिकै बलियो रहेको छ । हालको समयमा आर्थिक अवस्था सुध्रिएसँगै राम्रो सेवा सुविधाको खोजीमा कम लागतमा नजिकै बसाइँ सर्न सकिने भएकाले यो क्षेत्र खोटाङबासीका लागि अझै पनि पहिलो र आकर्षक गन्तव्यका रूपमा रहेको देखिन्छ ।यस्तै, थेट (२००९) को अध्ययनले नेपालमा २०५२ साल पछिको द्वन्द्व र असुरक्षाका कारण ग्रामीण क्षेत्रबाट ठूलो संख्यामा मानिसहरू शहर पसेको तथ्यलाई जोड दिएको छ । थेटको निष्कर्षले राजनीतिक पृष्ठभूमि र असुरक्षालाई बसाइँसराइको मुख्य आधार माने तापनि वर्तमान समयमा दिप्रुङ चुइचुम्मा-३ को अवस्था भने फेरिएको देखिन्छ । यस अध्ययनमा राजनीतिक द्वन्द्व र असुरक्षालाई कारण मान्ने घरधुरी २.५ % मात्र रहेका छन् । यसले के प्रष्ट पार्दछ भने, द्वन्द्वकालमा असुरक्षा प्रमुख कारण रहे तापनि वर्तमानमा समयमा दिप्रुङ बासीहरुको बसाइँसराई राजनीतिक दबाब भन्दा पनि आर्थिक अवसर, शिक्षा स्वास्थ्य र सेवा-सुविधाको खोजीसँग सम्बन्धित रहेको छ । यसैगरि, राई (२०२४) ले बसाइँसराइलाई घरेलु हिंसाको न्यूनीकरण वा प्रभावसँग जोडेर हेरेका छन, तर यस अध्ययनमा कुनै पनि उत्तरदाताले घरेलु हिंसालाई बसाइँसराइको कारणका रूपमा उल्लेख गरेका छैनन् । यहाँ बसाइँसराइ जीविकोपार्जन र सेवा-सुविधाको खोजीसँग सम्बन्धित देखिन्छन् । यसरी अघिल्ला कतिपय लेखहरुले उल्लेख गरेका आन्तरिक बसाइँसराइका कारणहरु अध्ययनसंग नमिल्ने वा भिन्न रहेको देखियतापनि समग्रमा यसले समकालीन ग्रामीण सहरी बसाइँसराइको वास्तविक स्वरूपलाई उजागर गरेको छ ।

## निष्कर्ष

मानिसहरू आफ्नो बासस्थान छाडेर अन्यन्त्र बसाइँसर्नुका कारणहरु फरक फरक रहेको यस अध्ययनमा पाइएको छ । अध्ययनको निष्कर्ष अनुसार गाउँमा रोजगारीका अवसरको अभाव, कृषि बाहेक अन्य वैकल्पिक पेशा नहुनु, गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको कमी, भौगोलिक विकटता तथा पूर्वाधारको अभाव बसाइँसराइका प्रमुख धकेल्ने कारकका रूपमा देखिएका छन् । विशेषगरी युवाहरू आफ्नो सीप र क्षमता अनुसारको रोजगारी नपाउँदा, परम्परागत कृषि प्रणालीबाट पर्याप्त आम्दानी गर्न नसक्दा र शिक्षा-स्वास्थ्य जस्ता आधारभूत आवश्यकतामा कठिनाइ भोग्नुपर्दा गाउँ छोड्न बाध्य भएका छन् । त्यसैगरी, तराई तथा शहरी क्षेत्रहरूमा पाउने रोजगारी, व्यापार-व्यवसायका अवसर, गुणस्तरीय शिक्षा, अस्पताल, यातायात सुविधा, आफन्त तथा सामाजिक सञ्जाल बसाइँसराइका प्रमुख आकर्षण कारकका रूपमा देखिएका छन् । अध्ययनले उदयपुर, सुनसरी र मोरङ लगाएका तराईका जिल्लाहरू प्रमुख गन्तव्य बनेको पुष्टि गरेको छ । समग्रमा, दिप्रुङ चुइचुम्मा गाउँपालिका-३ बाट हुने बसाइँसराइलाई न्यूनीकरण गर्न यस क्षेत्रमा रोजगार, यातायात तथा भौतिक पूर्वाधारको विकास, कृषिमा आधुनिकीकरण, गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा पहुँच विस्तार गर्नु आवश्यक देखिन्छ ।

## कृतज्ञता

यो लेख विश्वविद्यालय अनुदान आयोगद्वारा प्रदान गरिएको छात्रवृत्तिको प्रयोजनका लागि प्रकाशन गरिएको हो । एम.फिल तहको अध्ययन कार्य सम्पन्न गर्नका लागि आर्थिक सहयोग उपलब्ध गराएकामा विश्वविद्यालय अनुदान आयोगप्रति म हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

सविता बस्नेत

## सन्दर्भ सामग्रीहरू


Adhikari, J., Hobley, M., Suisse. direction du développement et de la coopération, & Helvetas (Association suisse d'assistance technique). (2013). Everyone is leaving-who will sow our fields?: Effects of migration from Khotang district to the Gulf and Malaysia. Nepal Institute of development Studies.

Adhikari, C. N. (2024). Migration and Use of Remittance in Urban Hill Settings of Ramechhap. Voice of Teacher, 9(1), 10-23.

Bhattarai, R. (2007). International migration, multi-local livelihoods and human security: Perspectives from Europe, Asia and Africa [Paper presentation]. Panel 5, Institute of Social Science, delhi, India.

Bimali, G. (2025). Situation of Internal Migration and Its Effect on Education. Pranayan 25(7), 7–16.

Birhan, A. (2011). Causes and consequences of rural-urban migration: The case of Woldiya town, North Ethiopia [Master’s thesis, University of South Africa]. UNISA Institutional Repository.

CBS 2003 Nepal Living Standard Survey, National Planning Commission Secretariat Central Bureau of Statistics Kathmandu Nepal.

Central Bureau of Statistics. (2060). Nepal living standard survey. National Planning Commission Secretariat, Government of Nepal.

CBS, Nepal (2021). National Census Nepal. National Planning Commission.

Castles, S., & Miller, M. (1993). The age of migration: international population movements in the modern world. Palgrave Macmillan.

Chaudhary, S. (2025). Causes and effects of rural-urban migration in Nepal: Case of dev

Community in Biratnagar. Journey for Sustainable development and Peace Journal, 3(1), 6–21.

De Haas, H. (2010). Migration and development: A theoretical perspective. International Migration Review, 44(1), 227-264.

Gautam, T. R. (2005). Causes and impact of migration: A sociological study of emigration from Kandebash, Baglung, Nepal. dhaulagiri Journal of Sociology and Anthropology, 1, 1–24.

Granovetter, M. S. (1973). The Strength of Weak Ties. American Journal of Sociology, 78(6), 1360–1383.

IOM. (2024). Migration and migrants: A global overview. In M. McAuliffe & L. A. Oucho (Eds.), World Migration Report 2024. International Organization for Migration (IOM).

Kafle, J. N., & Mahat, K. B. (2026). Labor migration from Nepal and household livelihoods: drivers, outcomes,

and policy implications. Journal of Advanced Academic Research, 13(1), 95–109.

Kanskar, B. V. S. (1984). History of population migration in Nepal. Contributions to Nepalese Studies, 11(3), 13–28.

KC, B. K. (2003). Internal migration in Nepal. In Population monograph of Nepal (Vol. 2, pp. 121–168). Central Bureau of Statistics.

KC, S. (2020). Internal migration in Nepal. In Internal migration in the countries of Asia: A cross-national comparison (pp. 249–267).

Lee, E. S. (1966). A theory of migration. demography, 3(1), 47–57.

Massey, d. S., Arango, J., Hugo, G., Kouaouci, A., Pellegrino, A., & Taylor, J. E. (1993). Theories of international migration: A review and appraisal. Population and development Review, 19(3), 431–466.

Rai, S. (2024). Impact of Migration on domestic Violence: A Study of Women in Nepal. Journal of Social Sciences and Humanities, 8(1), 45-58.

Ravenstein, E. G. (1985)."Laws of migration," Journal of royal statistical society.Vol. 48- 49.

Ryan, L. (2023). Social networks and migration: Relocations, relationships and resources. Policy Press.

Sapkota, L. N. (2072 B.S.). Population education. Guinness Publication Pvt. Ltd.

Sharma, L. (2026). Rural-to-urban migration in Nepal: Causes, trends, and effects on rural development. Rural development Journal, 6, 58–67.

Shrestha, N. R. (1990). Landlessness and migration in Nepal. Westview Press.

Subedi, B.P.(1991). International Migration in Nepal: Towards an Analytical Framework. Contribution to Nepalese Studies, Tribhuvan University: CNAS.

Suwal, B. R. (2014). Internal migration in Nepal. In Population Monograph of Nepal (Vol. I, pp. 241–276). Central Bureau of Statistics.

Thet, K. K. (2009). Pull and push factors of migration: A case study in the urban area of Monywa Township. department of Statistics at the Institute of Economics in Monywa.

जोशी, महेन्द्रराज, (२०२४),जनसंख्या शिक्षाको आधार, काठमाडौं: भुँडीपुराण प्रकाशन ।

ज्ञवाली, बा.र पौडेल, मि, (२०६७),जनसंख्या शिक्षा र दर्शन, जुपिटर पब्लिकेशन एण्ड डिस्ट्रिब्युटर्स ।

आचार्य, बलराम, (२०६६),समाजशास्त्रका सैद्धान्तिक दृष्टिकोणहरू, सनलाइट पब्लिकेसन ।